# भरतपुर महानगरपालिका

भरतपुर, चितवन,
बाग्मती प्रदेश,नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

**Bharatpur, Chitwan**
**Bagmati province, Nepal**

प.सं.. ०७७/०७८
च.नं. ३९८

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

विषय : सि.वि.आर. कार्यक्रम संचालन गर्न प्रस्तावना आव्हानको म्याद थप गरिएको संवन्धि सुचना ।।

यस भरतपुर महानगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयनका लागि सि. वि.आर. समन्वय तथा अनुगमन समितिको मिति २०७७।१०।९ गते वसेको वैठकको निर्णय अनुसार सुचनाको म्याद ५ दीन थप गर्ने निर्णय भएकोले मिति २०७७।१०।१५ गते भित्र देहायमा उल्लेखित कागजातहरु सहित प्रस्तावना पेश गर्न सम्वन्धित सवैको जानकारीका लागि सुचित गरिएको छ ।

<u>कार्यक्रम संचालनका शर्तहरु</u>

- अपाङ्गता भएका व्यक्तिहरुका वारेमा विद्यमान कानुनी व्यवस्था,अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्न सक्ने सेवा सुविधा वारे जानकारी एवं परामर्श दिनुका साथै सेवा सुविधा प्राप्त गर्न सहयोग गर्ने ।
- वडा स्तरीय र नगर स्तरीय अपाङ्गता समन्वय समिति गठन गर्ने र अपाङ्गता भएका व्यक्तिहरु संवन्धि वडागत तत्थ्यङ्क संकलन गर्ने ।

- अपाङ्गता भएका व्यक्तिहरुका व्यक्ति, परिवार, स्थानीय निकायका पदाधिकारीहरुलाई अपाङ्गता भएका व्यक्तिहरुका अधिकार र कर्तव्य बारे तालिम/गोष्ठी, सभा अन्तरकृया कार्यक्रमहरु संचालन गर्ने ।
- सि. वि. आर. कार्यक्रम संचालन कार्यविधि वमोजिम सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसरमा पहुंच स्थापना संवन्धि कृयाकलापहरु संचालन (शिक्षा,स्वस्थ्य,सिप तथा व्यवसायिक विकास कार्यक्रमहरु , नेतृत्व विकास संवन्धि,आय आर्जन कार्यक्रमहरु,सहायता सामग्री वितरण लगायतका कार्यक्रमहरु )
- कार्यक्रम भरतपुर महानगरपालिका वडा नं १ देखि २९ भित्र केन्द्रित भई संचालन गर्नु पर्नेछ ।

पेश गर्नुपर्ने कागजातहरु

- संस्था दर्ता प्रमाण पत्र प्रतिलिपि थान १
- संस्था दर्ता नविकरण भएको प्रमाणीत कागजात ।
- संस्थाको विधान प्रतिलिपि थान १
- प्रशासनिक तथा आर्थिक नियमावली प्रतिलिपि थान १
- समाजकल्या परिषदको आवद्धता प्रमाणपत्र प्रतिलिपि थान १
- गत वर्षको वार्षिक प्रगति प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन थान १
- संस्थाको जनशक्ति तथा भौतिक पुर्वाधारको अवस्थाको विवरण ।
- कार्यक्रम संचालनको प्रस्तावना ।

२०७६।१०।११

कलावती ओझा

महिला,बालबालिका तथा समाजकल्याण शाखा

भरतपुर महानगरपालिका